# रम्भागाउँपालिकाको आ.व. ०७५/०७६ को वार्षिक नीतितथाकार्यक्रम

श्रद्धेय प्रमुखअतिथी ज्यु, गाउँपालिकाकाउपाध्यक्ष ज्यु, गाउँ सभाका सम्पूर्ण पार्षद मित्रहरु, प्रमुखप्रशासकियअधिकृत ज्यु, कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

प्रकृति र संस्कृतिले समृद्ध रम्भागाउँपालिकाको गरिमामयगाउँसभामाहाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएकोमाहार्दिक स्वागतगर्दै अभिवादन टक्र्याउँछु ।

मुलुकमासंघिय गणतन्त्र स्थापनागरि जनतालाई सार्वभौम अधिकार सम्पन्नबनाउने अभियानमाजीवनआहुतिदिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको वर्तमान संविधानले नेपाललाई संघिय, प्रादेशिक र स्थानियतहगरि तीनतहमाशासनको कल्पना गरे बमोजिम संविधानको धारा १७माव्यवस्था गरेको स्थानियकार्यपालिका र भाग १८ माव्यवस्थागरिएबमोजिमस्थानियकार्यपालिका र व्यवस्थापिकाको स्थापनाभएको छ । वर्तमान संविधानको धारा २२२ बमोजिम गठित यस गाउँ सभामाअध्यक्षको हैसियतले अनुसुची ८ माव्यवस्थित स्थानियतहको अधिकार र अनुसुची ९ माव्यवस्थित संघ, प्रदेश र स्थानियतहको अधिकारको साझा सुचीकाआधारमातथा संविधानमाव्यवस्थितमौलिकहकहरुलाई समेत आधार मानी यो नीतितथाकार्यक्रम पेश गरेको छु ।

वर्तमान संविधानबमोजिम गठित नेपालका स्थानियतहहरु मध्ये पाल्पाजिल्लाको करीवमध्यभागमा पर्ने यस रम्भागाउँपालिकाको नामाकरण यसै गाउँपालिकाको वडा नं. ५ माअवस्थितबहुप्रसिद्ध धार्मिक शक्तिपीठ श्री रम्भा देवीको नामबाट भएको हो । साथैपाल्पाजिल्लाकाप्रमुख ४ वटा लेकहरु मध्ये रिमिघा लेक समेत यसै गाउँपालिकामाअवस्थित छ । यस गाउँपालिकाको पुर्वमा रामपुर नगरपालिका र पुर्वखोलागाउँपालिका, पश्चिममाबग्नासकाली र माथागढी गाउँपालिका, उत्तरमा कालीगण्डकी नदी र दक्षिणमा पुर्वखोलागाउँपालिका पर्दछन् ।

## नीतितथाकार्यक्रम :

**१) सडक :**

क) यस रम्भागाउँपालिकालाई सडक संजालबाट जोड्ने उद्देश्यका साथपुर्व पश्चिमतथाउत्तर दक्षिण जोड्ने ट्र्याक नखुलेका स्थानहरुमाट्र्याक खोल्ने र खुलेकामोटर बाटोहरुलाई स्तरोन्नतितथाग्राभेल गर्दै हरेक वडालाई सडकको सहजपहुँचमा पुऱ्याउनउच्चप्राथमिकतादिईने छ ।

ख) यातायातलाई बाह्रै महिना सुचारु गर्नकालागि सडक मर्मत संभार कोषलाई निरन्तरतादिई उक्तकोषमाप्रत्येक सडक आयोजनामाविनियोजित रकमको ५ प्रतिशत रकमजम्मागर्ने नीतिलिईनेछ ।

ग) सबै वडा कार्यालयसम्मबस सेवा पुऱ्याउने आयोजनाहरुलाई विशेष जोड दिईने छ ।

**२) खानेपानी :**

क) स्वच्छ पिउने पानीको सहजउपलब्धताको लागि एक घर एक धाराको अवधारणा अनुसारलिफ्ट खानेपानी र ग्राभिटी खानेपानीकाआयोजनाहरु संचालनगरि अगाडी बढाईने छ र अधुरा तथामर्मत गर्नुपर्ने आयोजनाहरुलाईउच्चप्राथमिकतादिईने छ ।

**३) शिक्षा :**

क) प्राविधिकशिक्षाआजको आवश्यकताभन्ने मुलनारालाई आत्मसात गरी एक गाउँ एक प्राविधिकशिक्षालयको अवधारणालाई साकार बनाउन यस आ.व.बाट कृषितथा ईन्जिनियरिङ्ग प्राविधिकशिक्षालयको स्थापनाकालागिकार्यक्रम अगाडी वढाईने छ ।

ख) सामुदायिकविद्यालयहरुमा कम्प्युटर शिक्षा सहितको अंग्रेजीमाध्यमको शिक्षालाई उच्चप्राथमिकतादिईने छ ।

ग) विद्यालयहरुको भौतिकपुर्वाधार निर्माणतथामर्मत, विद्यार्थीको लागि छात्रवृत्तितथा पुरस्कार, शिक्षककर्मचारीहरुकालागि सम्मानतथा पुरस्कार, शिक्षकतालिम, अभिभावकशिक्षा, शैक्षिक सामाग्रीवितरण गर्नेकार्यक्रम जस्ता विषयहरुलाई विशेष जोड दिईने छ ।

घ)विद्यार्थीहरुको सिर्जनात्मकप्रतिभातथाशारिरीकविकासकालागिविशेष कार्यक्रमहरु अगाडी वढाईने छ।

ङ) शैक्षिकअनुगमनतथामुल्यांकनलाई कक्षाकोठा सम्म पुर्‍याई चुस्त र प्रभावकारी बनाईने छ । साथै मोडेल कक्षा संचालनगरिनेछ ।

च)शैक्षिक गुणस्तर सुधार गर्न कार्यक्रमहरु ल्याईनेछ ।

छ) लोपोन्मुख, विपन्नतथादलितविद्यार्थीहरुलाई विद्यालयमाल्याई निरन्तरताकालागिदिवाखाजा जस्ता कार्यक्रमहरु ल्याईनेछ ।

ज) विद्यालयहरुमाविद्युतियहाजिरी तथा सी. सी. क्यामेराको जडानकार्यलाई अगाडी बढाईने छ ।

४) **स्वास्थ्य :**

क) Birthing Center,प्रयोगशाला एवं ईन्टरनेट संचालन भएका स्वास्थ्य संस्थाहरुमा ती सेवाहरुको निरन्तरताका साथै समेत प्रभावकारी संचालन गर्न कार्य अगाडी बढाईने छ ।

ख) Birthing Center संचालन नभएका स्वास्थ्य संस्थाहरुमा यसै आ.व. देखि नै संचालनगरिनेछ ।

ग) आवश्यकऔषधि खरीदको व्यवस्थामिलाईने छ ।

घ) बालबालिकातथागर्भवतीमहिलाहरुको पोषण संबन्धि सचेतनामुलककार्यक्रम संचालनगरिपोषणयुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम अगाडी बढाईने छ ।

ङ) घरमा नै बच्चाजन्माउने अवस्थालाइशुन्यतामाझार्दै स्वास्थ्य संस्थामा सुत्केरी गराउने कार्यलाई प्रोत्साहितगर्ने कार्यलाई निरन्तरतादिई स्वास्थ्य संस्थामा नै बच्चाजन्माई ३५ दिनभित्रजन्मदर्ता गर्ने बच्चातथाआमालाई पोषणयुक्त खानाकालागि रु. १०००।- मा वृद्धि गरि रु. १५००।- बनाईनेछ ।

च) महिला स्वास्थ्य स्वयं सेविकाहरुमाआफ्नो कामप्रतिउत्प्रेरित बनाउनकालागियातायातखर्चव्यवस्थागरिने छ ।साथै अवलोकन भ्रमणको व्यवस्थामिलाईनेछ ।

छ) महिलाहरुको प्रजनन् स्वास्थ्य सम्बन्धिविशेषज्ञ सहितको स्वास्थ्यशिविर संचालनको व्यवस्थामिलाईने छ ।

ज) जेष्ठ नागरिक अशक्ततथाअपाङ्गहरुकालागि घरमै चिकित्सक सहितको स्वास्थ्य सेवादिने कार्यलाई जोड दिईनेछ ।

झ) विपन्न परिवार तथा म.स्वा.स्व.से.कालागि स्वास्थ्यविमा जस्ता कार्यक्रम अगाडी बढाईनेछ ।

**५) सिंचाई :**

कृषिउत्पादकत्वमा बृद्धि गरि कृषकहरुलाई आत्मनिर्भर बनाउन स्थलगत सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई तथाभुमीगत सिंचाई आयोजनाहरुलाई विशेष प्राथमिकतादिईनेछ ।

**६) कृषि :**

कृषिमाआधुनिकीकरण गरि कृषि पेशालाई व्यवसायिकबनाउनविशेष योजनाल्याईने छ ।

क) कृषिव्यवसायिहरुलाई प्रोत्साहनतथा पुरस्कृत गर्ने कार्यलाई अगाडी बढाइने छ ।

ख) आधुनिककृषिऔजार वितरण, प्लाष्टिक पोखरी निर्माण, टनेल निर्माण, उन्नतबीउविजनवितरणको व्यवस्थामिलाईने छ । साथै उन्नतविउउत्पादनलाई जोड दिईनेछ ।

ग) रम्भागाउँपालिकालाईआलुमाआत्मनिर्भर बनाउनकार्यक्रम अगाडी बढाईने छ ।

घ) आँप, लिची, सुन्तला, जुनार, कागती जस्ता फलफुलको विरुवावितरणको व्यवस्थामिलाईने छ । साथै माटो परीक्षण गरी माटो सुहाउँदो खेतीगर्ने कार्यलाई जोड दिईनेछ ।

**७) पशु व्यवसाय :**

क) दुधतथामासुमा रम्भागाउँपालिकालाई आत्मनिर्भर बनाउनगाईभैंसी, बाखाकुखुरा, बंगुर पालनअनुदान/ डेरी कार्यक्रम, उन्नत घाँस विउवितरण, पशु बीमाएवं आवश्यकप्राविधिक सहयोगतथा कृषकलाई पुरस्कार,प्रशंसा जस्ता कार्यक्रमलाई अगाडी बढाइने छ ।

**८) विद्युत :**

क) यसै आ.व. देखि कच्चीपोलहरुलाई विस्थापित गरी स्टील पोलहरुको व्यवस्थापनतथातारहरुको थपव्यवस्थापनमाजोड दिईनेछ ।

ख) रम्भागाउँपालिकालाई टुकी रहितगाउँपालिकाबनाउनकार्यक्रमल्याईनेछ ।

**९) पर्यटन :**

क) आम्दानीको मुख्य स्रोत पर्यटन व्यवसाय रहेको हुँदा यस क्षेत्रकाविविधपर्यटकीय गन्तव्यहरुको पहिचान, विकास र विस्तारकालागिविशेष कार्यक्रमबनाईने छ ।

ख) रम्भा रिमिघा पर्यटन महोत्सव २०७५ को कार्यक्रमल्याईने छ।

ग) कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठान तथा यस क्षेत्रमा रहेका ऐतिहासिक पुरातात्विकमहत्वकाविषयहरुलाई संरक्षण एवं विकासकालागिकार्यक्रम अगाडी बढाईने छ ।

घ) यसै आ.व.मागाउँपालिकाभित्रहोम स्टे संचालनको संभावना रहेका स्थानहरुको अध्ययनगरि कार्यक्रम अगाडी बढाईने छ ।

**१०) लाक्षितवर्ग :**

क) महिलातथायुवा स्वरोजगारमुलकतालिम संचालनलाई निरन्तरतादिईनेछ ।

ख) युवातथामहिलाहरुको क्षमताअभिवृद्धिका लागिशशक्तिकरण सम्बन्धिकार्यक्रममाजोड दिईनेछ ।

ग) युवाहरुको सर्वाङ्गिण विकासकालागि खेल मैदाननिर्माण तथा खेलकुदमाजोड दिईनेछ ।

घ) जेष्ठ नागरिकहरुलाई सम्मानगर्ने नीतिअवलम्बनगरिनेछ ।

ङ) बालविवाहमुक्तगाउँपालिकाबनाउन सचेतनामुलककार्यक्रमल्याईनेछ ।

च) जनजातिको सचेतानाका साथै संस्कृति संरक्षणका लागिकार्यक्रमल्याईनेछ ।

छ) दलितअन्तर्गत सचेतनातथाशशक्तिकरण कार्यक्रम संचालनगरिनेछ । साथै छुवाछुतमुक्त गाउँपालिकाबनाउन सचेतनामुलककार्यक्रम संचालनगरिनेछ । साथै संस्कृति संरक्षण, गर्दै आएको पेशाप्रतिआकर्षित बनाउने कार्यक्रमल्याईनेछ ।

ज) लोक सेवातथाशिक्षक सेवाआयोगका तैयारी कक्षा संचालनगर्ने कार्यक्रम अगाडी बढाईनेछ ।

**११) विविध :**

क) योजनाउपभोक्ता समितिकापदाधिकारीहरुको क्षमताविकास र योजनाअनुगमनतथामुल्यांकनलाई प्रभावकारी रुपमालागु गरिनेछ ।

ख) प्रशासनिक सेवा सुविधालाई छिटो छरितो सरल र सुलभ बनाउने कार्यलाई विशेष जोड दिईनेछ ।

ग) बालमैत्रीगाउँपालिका घोषणा गर्ने कार्यलाई योजनावद्ध रुपमा अगाडी बढाईने छ ।

घ) सुकम्बासीतथाअव्यवस्थितवसोवासीहरुको लगत तयार पारि उचितव्यवस्थापनकालागि सम्बन्धितनिकायमापहलगरिने छ

ङ) सहकारी संस्थाहरुलाई व्यवस्थितएवं सक्रियबनाउने खालकाकार्यक्रमल्याईने छ ।

च) सुचनातथा संचार प्रविधिको क्षमता बृद्धि गराउन सम्बन्धितनिकायलाई ध्यानाकर्षण गराईने छ ।

छ) स्थानियतहमाकार्यरत कर्मचारीहरुलाई काममाउत्प्रेरितएवं कर्तव्यनिष्ठ बनाउन सम्मानतथा पुरस्कारको व्यवस्था, प्रोत्साहन स्वरुपखाजाको व्यवस्थागरिनेछ ।साथै क्षमताअभिबृद्धि सम्बन्धितालिमको कार्यक्रमल्याईनेछ ।

ज) हरियो वन नेपालको धनभन्ने उक्तिलाई साकार बनाउन सामुदायिकवनहरुमा योजनावद्ध रुपमा बृक्षारोपण गर्ने तथावन्यजन्तु संरक्षणतथा नियन्त्रणको नीति अगाडी बढाईने छ ।

झ) पूर्ण सरसफाईयुक्तगाउँपालिका घोषणाका लागिकार्यक्रल्याईने छ ।

सम्पूर्ण पार्षद मित्रहरु,

अन्त्यमामाथिउल्लेखितनीतितथाकार्यक्रमहरु सर्वसम्मततरिकाले पारित गरी कार्यान्वयन चरणमा लगिदिनु हुनहार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

मिति : २०७५ असार १०गते